# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
# Desh Bhakta Jana Ganatantrik Morcha, Nepal

## केन्द्रीय समिति
## Central Committee
स्था.: २०७३ (Estd.: 2016)

**मिति**/Date : **२०७७।५।१९**

## प्रेस विज्ञप्ति

यही भाद्र १७ गते भएको अविरल वर्षाको कारण बाग्लुङ जिल्लाको ढोर पाटन नगरपालिका वडा नं ९ को देउराली डाँडाबाट रातको समयमा गएको पैरो र भुजीखोलामा आएको भीषण बाढीले नगरपालिकाका वडा नं. ५, ६, ७, ८ र ९ मा ठुलो जन-धनको क्षती पुऱ्याएको छ । प्राप्त जानकारी अनुसार यो दुःखद घटनामा जम्मा ११५ घरमा क्षती पुगेको छ, ३१ घर पूर्णरुपमा ध्वस्त भएका छन्, ५ वटा माइक्रो हाइड्रो पावर हाउस, २ वटा विद्यालय र एक स्वास्थ चौकीमा पनि क्षति पुगेको छ । धेरै जना मानिसहरु बेपत्ता छन्, अहिलेसम्म १४ जनाको शव फेला परेको छ । सो दुखद घटनामा परी मृत्यु वरण गर्नु भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै पविारजन प्रति गहिरो समवेदना प्रकट गर्दछौं । घाइते हुनेहरुको शिघ्र स्वास्थलाभको कामना गर्दछौं । यति ठुलो प्राकृतिक विपत्तिमा केन्द्र सरकारका तर्फबाट त्यसतर्फ हेलिकोप्टरमा गएका गृहमन्त्री खराव मौसमका कारण घटनास्थलमै नपुगी राजधानी फर्किएको खबरबाहेक अहिलेसम्म कुनै राहत र अन्य व्यवस्था भएको थाहा पाइएको छैन । राष्ट्रिय स्तरको यो विपत्तीमा बेपत्ता भएकाहरुको खोजी, मृत्यु हुनेका परिवारलाई राहतको प्याकेज, घाइतेहरुको निःशुल्क उपचार, विचल्लीमा परेकाहरुको अविलम्ब अस्थायी र स्थायी बसोबास, सबैलाई खाद्यान्न र उपचारको व्यवस्था गर्नका लागि हामी सरकारका सबै निकायसँग जोडदार माग गर्दछौं । यो दुःखद घटनाबाट शिक्षा लिँदै जोखिमका बस्तीहरुलाई समयमै सुरक्षित स्थानमा सार्नका लागि स्थायी बसोबासको समेत व्यवस्था गर्न हामी माग गर्दछौं ।

सी.पी. गजुरेल
अध्यक्ष

बुद्धनगर, काठमाडौं, नेपाल (Buddhanagar, Kathmandu, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com